बाल सन्दर्भ सामग्री – ११

टाटे पाङ्ग्रे

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

टाटे पाङ्ग्रे



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखन
जनकप्रसाद हुमागाईँ
विजय चालिसे
रञ्जुश्री पराजुली

चित्राङ्कन कर्ता
श्रीहरि श्रेष्ठ

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

विषय सूची

क्र.स.	शीर्षक	पृष्ठ सङ्ख्या
१.	पुन्टे र भुन्टे	५
२.	टाटे र पाङ्ग्रे	८
३.	बलबहादुर स्कुल गयो	१२
४.	सविनाकी बज्यै	१७
५.	साथीको माया	२१
६.	बाँदरको घर	२४

पुन्टे र भुन्टे

–जनकप्रसाद हुमागाई



कुनै किसानका दुइटा भैँसी थिए । दुवै भैँसीका एक एक ओटा पाडा थिए। एउटाको नाम पुन्टे थियो। देख्दा पुन्टे र भुन्टे दुवै उस्तै राम्रा, र असल थिए। तर पुन्टे जहिले पनि माउको दुध चोरेर खान खोज्थ्यो। भुन्टे भने त्यसो गर्नु हुँदैन भन्थ्यो । यही कुरामा एक दिन पुन्टे र भुन्टेको ठुलो वाद विवाद भयो। पुन्टे भन्थ्यो, "आफ्नी आमाको दुध आफ्नो बच्चाले खान हुँदैन भने कसले खान हुन्छ ?"

एक दिन पुन्टेले फेरि भन्यो, "हाम्री आमाको दुध सधैँ ध्वार ध्वार पारी दुहेर बाल्टीभरि अरूले लैजाँदा भने तिमी कहिल्यै विरोध नगर्ने ! मैले खान खोज्दा भने जहिले पनि विरोध गर्ने ? के तिमीलाई मेरो माया लाग्दैन ? लाग्छ भने मलाई पनि खान देऊ, तिमी पनि खाने गर । आफू पनि नखाने, अरूले खाएको पनि नसहने ! यो कस्तो बुद्धि हो तिम्रो ? म त तिम्रो कुरा मान्न तयार छैन ।"

पुन्टेका यस्ता कुरा सुनेर भुन्टेले भन्यो, "तँ जेसुकै भन् । चोरेर खानु ठिक हुँदै होइन । जुन बेला पायो त्यही बेला खान खोज्नु पनि ठिक होइन । खाने बेलामा मात्र आफ्नो भाग खानुपर्छ । दुध दुहुनेले पनि आफ्नो भाग मात्र दुहेर लाने गरेका छन् । दुहुने बेलामा मात्र दुहुने गरेका छन् । हाम्रो भाग त हामीलाई नै छाडिदिएका छन् नि ! भुन्टेले फेरि भन्यो, "हाम्री आमाको दुध हामीले नै सबै खाइदिने



हो भने हामीलाई र आमालाई दिनहुँ मिठा, पोसिला घाँस, पराल, ढुटो, दाना, कुँडो आदि जोरजाम गरी कसले खान दिन्छ ? हामी बस्ने ठाउँको गोबर, भकारो कसले फाल्छ ? सुग्घर

सफा कसले गर्छ ? घाम पानी, सर्दी गर्मी नभनी कति दुःख कष्ट नमानी हाम्रो खाने, बस्ने सबै कुराको व्यवस्था मिलाइदिने गरेका छन् उनीहरूले । अनि पो हामी आरामले खान, बस्न पाएका छौँ । मोटाघाटा हुन पाएका छौँ । आमाहरूले पनि आरामले खाएर धेरै दुध दिन सकेका छन् । हामीले पनि हाम्रो भाग खान पाएका छौँ । खान पाएकै हुनाले मोटाघाटा छौँ । हाम्रो भाग हामीलाई नदिएको भए पो आफ्नो भाग जसरी पनि हामीले खान खोज्नुपर्थ्यो ।

यसरी सबै कुराको विचार नगरी आफ्नी आमा भन्दैमा बिना खानपिन त्यसै आमाको कल्चौँडाबाट दुध आउँछ ? हामीलाई भोक लाग्दा खान

दिने, जाडो हुँदा घाममा लाने, गर्मी हुँदा आहालमा लाने, रोग लाग्दा ओखती गर्ने सबै कसले गरेका छन् ? उनै हाम्री आमाको दुध दुहेर लाने मानिसहरूले त गरेका हुन् नि । अस्ति नै हामीलाई जुका पर्दा हामी कति दुब्लायौँ ! आमाहरूलाई नाम्ले पर्दा छेर्दा छेर्दा झन्डै मरेका ! यसरी रोग लाग्दा जहिले पनि कहाँ कहाँ पुगेर ओखती गर्ने मान्छे ल्याउँछन् । हाम्री राम्री आमालाई बचाउने गर्छन्, तँ सम्झिन्छन् ती सबै कुराहरू ? कि बिर्सिदिइस् यस्ता कुरा सबै ? आमाले उनीहरूलाई दुध दिने गरेका छन् र पो उनीहरूले पनि यसरी हाम्रो आमाको हेर विचार गरेका छन् ।

त्यसैले यी सबै कुराको विचार गरी



गर्न नहुने काम नगर । म तेरो भलो चाहने दाजु भएकाले मात्र भनेको हुँ । कुनै कुरा पनि विचार नगरी गर्ने तेरो बुद्धिमा लाग्ने हो भने त न हाम्रो भलो हुन्छ, न आमाहरूले नै सुख पाउँछन् । मेरो कुरा पत्याउँदैनस् भने भरे वनबाट आइपुगेपछि आमाहरूलाई नै सोध् कसको कुरा ठिक कसको कुरा बेठिक ।"

पुन्टे र भुन्टेका यस्तै कुरा हुँदै थिए 'के कुरा गर्दै छन् यिनीहरू ?'भनी उनको गोठनजिकै चउरमा चरिरहेका अरू माउ भैँसी र पाडाहरू पनि उनीहरूका कुरा कान थापेर सुनिरहेका थिए । वनमा चर्न गएका उनीहरूका आमाहरू पनि टुप्लुक्क आइपुगे अनि सोधे, "के खैलाबैला गर्दै छौ हँ ठुलो ठुलो स्वरमा तिमीहरू ?" पहिले पुन्टेले कान पटपट गरी बजाउँदै र पुच्छर यताउता हल्लाउँदै आफ्ना कुरा सुनायो आमाहरूलाई । त्यसपछि भुन्टेले पनि विनम्र हुँदै आफ्ना सबै कुरा सुनायो । दुवैका कुरा सुनिसकेपछि कुशल न्यायाधीशले झैँ उचित तर्क दिँदै आमाहरूले भने, "भुन्टेको कुरा ठिक हो ।" बाहिर चउरबाट उनीहरूका कुराहरू सुनिरहेका माउ भैँसी र उनका पाडा पाडीहरूले पनि भने, "भुन्टेकै कुरा ठिक हो । पुन्टेको कुरामा लाग्ने हो भने त उसको कुरामा लाग्ने सबैले अनेक दुःख भोग्नुपर्छ ।" यसपछि मेरो विचार गलत रहेछ भन्दै पुन्टेले भन्यो, "अबदेखि म कहिल्यै पनि चोरेर दुध खान खोज्दिनँ ।" भाइ पुन्टेको यसरी बुद्धि फिरेकामा खुसीले गदगद हुँदै दाजु भुन्टे मनमनै रमाउन थाल्यो । यसरी टुङ्गोमा पुगी उनीहरूको वाद विवाद समाप्त भएकामा उनीहरूका आमाहरू पनि खुसीले दङ्ग भए ।

टाटे पाङ्ग्रे

– जनकप्रसाद हुमागाई



विवेकको घरमा एउटा बिरालो थियो। उसको नाम टाटे थियो । टाटेको शील स्वभाव राम्रो थियो। विवेकको घरमा अर्को एउटा बिरालो पनि आउने गर्थ्यो । त्यसको नाम पाङ्ग्रे थियो ।

पाङ्ग्रेको स्वभाव खराब थियो । ऊ गाउँलेका कुखुरा, परेवा चोरेर खाने गर्थ्यो । त्यसैले उसलाई जसले पनि ढुङ्गा मुढा गरी लघार्ने गर्थे ।

टाटे विवेकसँग खेल्थ्यो, डुल्थ्यो । उसको काखमा बस्थ्यो । ओछ्यानमा सुत्थ्यो । उसका आमा बासँग पनि त्यसरी नै खेल्थ्यो, बस्थ्यो । उनीहरू बारीमा गए ऊ पनि सँगै जान्थ्यो । उनीहरू घर फर्के ऊ पनि सँगै फर्किन्थ्यो । भकारी प्वाल पार्ने, धान मकै नोक्सान गर्ने, ढोड, परालको रासमा पस्ने र कुटुकुटु काटेर नाश गर्ने मुसा समात्न र मार्न पनि टाटे खप्पिस थियो । विवेकका आमाबा टाटेलाई दुध, भात खान दिन्थे। उसले दुध, भात खाएको देख्दा पाङ्ग्रे डाढले भुतुक्क हुन्थ्यो। पाङ्ग्रेलाई कसैले पनि माया गर्दैनथे । दुध, भात खान पनि दिँदैनथे ।

यस्तैमा एक दिन टाटेसँग पाङ्ग्रेले भन्यो, “हेर भाइ ! तँ पनि बिरालो होस् । म पनि बिरालो हुँ । त्यसो हुनाले बिरालो बिरालो मिल्नुपर्छ । बिरालाले बिरालालाई माया गर्नुपर्छ। यही कारण म यता आउने गर्छु। तँसँगै खेल्न चाहन्छु । तँसँगै डुल्न चाहन्छु । कुनै कुरा पाए बाँडेर खाउँला भन्ने विचार गर्छु । यताका मान्छे भने म यता आएको देख्ने बित्तिकै ढुङ्गामुढा गरी मलाई लघार्न थाल्छन् र कहिले कहिले त कुकुर फुकाएर समेत मेरो सातो लिन्छन् । यस्तो बेलामा त तैँले मलाई साथ दिनुपर्थ्यो नि ! तैँले दुध,



भात खाएको बेला मलाई पनि खान दिनुपर्थ्यो नि !"

पाङ्ग्रेका यी कुरा सुनेपछि टाटेले आफ्ना लामा जुँगा मुसार्दै भन्यो, "तिम्रो र मेरो मिल्ती हुने कुनै आधार छैन। मिल्ती भनेको बिराला बिरालाको हुने होइन। सज्जन सज्जनको हुन सक्छ। विवेक र उसका आमाबा सज्जन छन्। म पनि सज्जन छु। त्यसैले उनीहरू र मेरो मिल्ती हुन सकेको छ। मैले उनीहरूको भलो गरेको छु। उनीहरूले मेरो भलो गरेका छन्। उनीहरू र मेरो मिल्तीको आधार यसरी स्थापित हुन गएको छ।"

पाङ्ग्रेले आफ्ना ठाडा आँखा चिमचिम गराउँदै भन्यो, "त्यसो भए मैले भनेको तँ मान्दैनस् त ? नमान्ने भए नमान्। कुनै दिन मलाई पनि सम्झनुपर्ला नि तैँले !"

टाटेले ठाडो पुच्छर हल्लाउँदै भन्यो, "लामो कुरा किन गर्नुपर्‍यो ? सज्जन बन्न सिक्नू नि। यसो गर्‍यौ भने त म पनि तिम्रो साथी बन्न सक्छु। तिमी पनि मेरो साथी बन्न सक्छौ। विवेकका आमाबा पनि तिमीलाई माया गर्न थाल्छन्। मलाई जस्तै तिमीलाई पनि दुध, भात खान दिन्छन्।



तिमीले चाहेको पनि यति न हो ? तिमी दुर्जन छौ। अनि कसरी पाउँछौ आफूले चाहेका कुरा ?"

पाङ्ग्रेले ठुलो स्वर निकाल्दै भन्यो, "म कति कारणले दुर्जन, तँ कति कारणले सज्जन ?"

टाटेले गाँठी कुरा अठ्याउँदै भन्यो, "तिमीले आजसम्म ककसको हितमा कुन कुन काम गरेका छौ र म तिमीलाई सज्जन भनौँ ? अरूले पनि सज्जन ठानून्। बोल्ने बेलामा मिठो शब्दमा म्याउँ गर्दैमा हुन्छ कि क्या हो ? काम पनि त्यस्तै गर्न जान्नुपर्छ नि ?"

यो कुरा सुनी पाङ्ग्रेले रकमी पाराले अलमल्याउन खोज्दै भन्यो, "तँ पनि विवेकका घरमा बस्छस्। म पनि उसको घरमा बस्न सक्छु। तँ पनि विवेकको काखमा बस्छस्। म पनि उसको काखमा बस्न सक्छु। तँ पनि विवेकका आमाबाबासँग डुलफिर गर्छस्। म पनि उनीहरूसँग डुलफिर गर्न सक्छु। अनि म पनि तैँले जसरी

नै काम गर्न सक्दिनँ त ?"

टाटेलाई पनि रनक्क रिस उठ्यो र गँगटाले समाए झैँ गरी भन्यो, "मलाई त्यति लाटो नठान । म, तिम्रा यस्ता कुराबाट रौँ जति पनि छकिन्न । बरु म एउटा कुरा गरौँ तिमीलाई ?" पाङ्ग्रेले गजक्क पर्दै भन्यो, "भन् के कुरा हो त्यस्तो ! सुनौँ न म पनि !" टाटेले प्रश्न गऱ्यो, " मानिसले हामीलाई कुन बिरालो भन्छन् थाहा छ तिमी-लाई ?"

पाङ्ग्रेले भन्यो, "अहँ थाहा छैन ।" टाटेले भन्यो, "हामीलाई मान्छेले घर बिरालो भन्छन् । अब त थाहा पायौ तिमीले ?" "थाहा पाएँ !" पाङ्ग्रेले भन्यो ।

"अर्को एकथरी बिरालो छ । अनुहारले ऊ पनि हामी जस्तै छ । उसलाई मान्छेले कुन बिरालो भन्छन् थाहा छ तिमीलाई ?" टाटेले पाङ्ग्रेलाई सोध्यो ।



यस पटक पनि पाङ्ग्रेले भन्यो, "अहँ, थाहा छैन ।"

"उसलाई वन बिरालो भन्छन् । अब त थाहा पायौ तिमीले ?" टाटेले भन्यो ।

"त्यो त थाहा छँदै थियो । मैले त अरू कुनै बिरालाको कुरा हो कि भनेर पो थाहा छैन भनेको !" पाङ्ग्रेले भन्यो ।

"त्यसो हो भने तिमी भन त हामी किन घर बिरालो हुन पुग्यौँ र ऊ कि वन बिरालो हुन पुग्यो ?" टाटेले पाङ्ग्रेलाई अर्को प्रश्न गऱ्यो ।

"यो कुरो त थाहा भएन मलाई !" यस पटक पनि घोसे मुन्टो लगाउँदै पाङ्ग्रेले भन्यो ।

"तिमी विवेकको घरमा मात्र होइन, जसको घरमा पनि टिक्न सक्दैनौँ ! जसले पनि तिमीलाई देख्ने बित्तिकै लघार्ने गर्छन् । यसो किन गर्छन् ? नढाँटी भन्न सक्छौ मलाई ?" टाटेले पाङ्ग्रेलाई प्रश्न गऱ्यो ।

पाङ्ग्रेले आफ्नो गल्ती भन्न चाहेन । टाटेले भनिदियो, "तिमीलाई कुखुरा चोर भन्छन्, परेवा चोर भन्छन् । यो बानी गएन भने वनतिर पुग्नुपर्छ अब छिटै तिमी पनि । त्यसपछि वन बिरालो हुन थाल्छ तिम्रो नाम पनि । अब त बुझ्यौ आफ्नो गल्ती के रहेछ ?

कस्तालाई घर बिरालो भन्दा रहेछन् र कस्तालाई वन बिरालो भन्दा रहेछन् ?"

पाङ्ग्रेले कुनै उत्तर दिएन । टाटे भन्दै रह्यो, "मैले विवेकको घरमा त्यसै बस्न पाएको होइन । उनीहरूले त्यसै दुध, भात खान दिएका होइनन् । म उनीहरूको हित हुने काम गर्छु । उनीहरूको धान, मकै नोक्सान गर्ने मुसा लघार्छु, समातेर मारिदिन्छु । मेरा कारणले उनीहरूको भलो भएको छ । यही कारण उनीहरू मेरा मित्र बन्न सकेका हुन् । के तिमी पनि मैले जसरी नै अरूको हित हुने काम गर्न सक्छौ ? सक्छौ भने त बिराला बिरालाको मिल्ती गर्ने कुरा किन झिक्नुपर्‍यो ? सज्जन सज्जनको मिल्ती हुन्छ । सज्जन बनौँ ! सज्जनसँग मित्रता बढाऔँ भने भइहाल्यो नि ! होइन र ?"



कुखुरा, परेवा चोर्ने खराब बानीका कारण कि छिटै मारिने, कि गाउँ छाडेर वन पस्नुपर्ने अवस्था आइसकेको थियो पाङ्ग्रेको । वन बिरालालाई त गाउँलेहरूले झन् चर्को रूपमा खेद्ने र फेला परे मारिदिने गरेको पनि देखेको थियो उसले । त्यसैले हात जोर्दै उसले भन्यो, "अबदेखि म पनि तिमीले जस्तै अरूको हित हुने काम गर्न सिक्छु । अरूको कुखुरा, परेवा चोर्न पनि छाडिदिन्छु ।"

यसपछि विवेकको घरमा पाङ्ग्रेलाई पनि सबैले माया गर्न थाले । उनीहरूको कुखुरा, परेवा पनि हराउन छाड्यो । टाटे र पाङ्ग्रे असल साथी भए ।

बलबहादुर स्कुल गयो

– विजय चालिसे

उसको नाम बलबहादुर महरा थियो । डोटी जिल्लाको देहीमाडौँ गाउँमा उसको एउटा सानो झुप्रो घर थियो । गाउँघरमा आफूसरहका केटाकेटी पढ्न स्कुल गएका देख्दा उसलाई पनि पढ्न जाने रहर लाग्थ्यो। तर के गरोस् भेडाबाख्रा चराउन बाबुआमालाई सघाउनमै उसका दिन बित्थे । आमाबाबा ज्यालाबनी गर्न जाने गर्दथे। त्यति बेला उसले घरको कामसमेत सघाउनुपर्थ्यो ।

"के गर्नु बाबु ! गरिबका घरमा जन्मिस् ! पढ्न पढाउन सकेनौँ । घरको काम सघाउन नपरे पनि स्कुल जाँदोहोस् !" उसको पढ्ने इच्छा देख्दा आमाबाबा उसलाई सम्झाउँथे। आमाबाबाको दु:ख देखेर ऊ पनि कर गर्न सक्दैनथ्यो ।

उसको घरबाट भेडाबाख्रा चराउन जाने ठाउँ देहीको ठाडो वन थियो । त्यो वनमा जान त्यही गाउँको स्कुल छेउको बाटो भएर जानुपर्थ्यो। उसको घरबाट त्यो वन आधा घन्टाजति पर पर्थ्यो । बाटैमा त्यस गाउँको स्कुल पर्थ्यो । त्यो स्कुल नै त्यस भेगको एउटा मात्र स्कुल थियो ।

जाडो याममा शिक्षकहरू विद्यार्थीहरूलाई बाहिर चउरको

घाममै पढाउने गर्दथे । शारीरिक व्यायाम (पी.टी.), राम्रा राम्रा चित्र बनाउने जस्ता कक्षा त झन् बाहिर चउरमा नै हुने गर्थ्यो । चउरकै छेउबाट बलबहादुरले बाख्रा चराउन वन जाने बाटो पर्थ्यो ।

त्यही बाटो वनमा जाँदा बलबहादुर लोभिँदै स्कुलतिर हेर्ने गर्थ्यो । आफू जस्तै केटाकेटीहरू पढ्दै, खेल्दै र चित्र लेख्दै गरेको देख्दा उसलाई आफू पनि त्यसरी नै पढ्न, खेल्न र चित्र लेख्न पाए कस्तो हुन्थ्यो भन्ने सोच्दथ्यो । सबैभन्दा बढी चाहिँ ऊ चित्र लेख्ने मन गर्थ्यो । केही साधन नभए पनि ऊ माटामा, बालुवामा औँलाले कोरेर, ढुङ्गाले कोरेर चित्रहरू बनाउँथ्यो । उसको त्यो एकोहोरो ध्यानका कारण ऊ असाध्यै राम्रा राम्रा चित्रहरू बनाउन सिपालु भयो । तर उसँग न कागज थियो, न रङ र बुरुसहरू नै । तर जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै उसले राता, पहेँला, हरिया एवम् बैजनी रङका फुलपात र बोट बिरुवाका जरा पिँधेर रङ जस्तै रस निकाली भिन्दाभिन्दै भाँडामा जम्मा गऱ्यो । त्यसरी रङ बनाउन सिके पनि त्यस रङले चित्र बनाउने केमा ? उसँग कागज थिएन ।

अब ऊ स्कुलको बाटो जाँदा आउँदा विद्यार्थीहरूले मिल्काएका कागज बटुल्न थाल्यो । तिनै मिल्काएका थोत्रा कागजमै पनि ऊ निगालो र बाँसको मसिना हाँगा थिचेर बुरुस जस्तै बनाएर रङ्गी बिरङ्गी राम्रा राम्रा

चित्र बनाउन थाल्यो । उसले बनाएका ती चित्रहरू बोल्लान् जस्तै देखिन्थे । साँच्चिकै हुन् कि जस्तो लाग्थ्यो ।

एक दिन स्कुलको बाटो वनमा

जान लाग्दा उसले स्कुलको चउरमा केटाकेटीहरूलाई चित्र कोर्दै गरेको देख्यो । त्यस दिन स्कुलमा चित्रकला प्रतियोगिता हुँदै थियो । विद्यार्थीहरू राम्रा र सुन्दर कागजमा थरीथरीका रङ्गीन सिसाकलमले चित्र थिए ।

त्यो दृश्य देख्दा बलबहादुरका पाइला त्यहाँबाट डेग चल्नै चाहेनन् । फालिएको दुई चार पन्ना कागज टिपेर ऊ पनि बाटैको छेउमा बसेर चित्र कोर्न थाल्यो । उसले त्यही स्कुलको चउरको दृष्यलाई बडो राम्ररी उताऱ्यो । उसले कोरेको चित्रलाई हेर्दा त्यहाँको त्यो दृष्य जस्ताको तस्तै कागजको पन्नामा उत्रिएको देखिन्थ्यो ।

त्यसमा वनमा गएर चित्र लेख्न भनी ल्याएको फलफुल र रुखहरूका जराबाट बनाएको रङलाई निगालाको बुरुसले राम्ररी रङ भरेपछि त चित्र असाध्यै सुन्दर देखियो ।

"ए बलबहादुर तिमी के गरिरहेका छौ ?" चित्र बनाउने गुरुले बलबहादुरलाई त्यसरी बाटाको छेउमै बसेर केही कोरेको टाढैबाट देखेका रहेछन् । गुरु पनि गाउँकै भएकाले उसका बारेमा उनलाई अलि अलि थाहा थियो ।

"होइन केही होइन !" एक्कासि त्यसरी स्कुलका गुरुले बोलाएको सुनेर बलबहादुर झस्कियो । 'गाली पो पाइने हो कि !' भन्ने डरले हत्तनपत्त आफूले लेखेको चित्र पिठिउँपछाडि लगेर लुकाउन खोज्यो ।

"किन डराएको तिमी ? के

गरेका छौ भनेर पो सोधेको त । त्यतिकैमा डराउनुपर्छ, अँ के लुकाएको त्यो ? देखाऊ त !" गुरुले अलि मायालु पाराले भनेपछि ऊभित्रको डर हट्यो। बलबहादुरको हातबाट उसले बनाएको चित्र हेरेपछि गुरु दङ्ग पर्नुभयो । ओहो ! कति राम्रो चित्र ! अति सिपालु कलाकारले कोरे जस्तो । बलबहादुर आफैँले यो चित्र बनाएको होला भनेर गुरुले सोच्दै नसोची सोधे, "कहाँ पायौ तिमीले यो चित्र ? कसले बनाएको होला यति राम्रो चित्र ।"

"यो... यो... मैले बनाएको हुँ माड्साब।" बलबहादुरले हच्किई हच्किई भन्यो ।

"तिमीले रे ! कहाँबाट सिक्यौ यति राम्रो चित्र बनाउन ? अनि यति राम्रा रङहरू कहाँबाट पायौ नि ?" गुरुले अपत्यारिलो मानेर सोधे। गुरुले पत्यार नमानेको देखेर बलबहादुरले आफूले गर्ने गरेको सबै कुरा बतायो। त्यहाँ ल्याएको रङ र बुरुसहरू पनि देखायो । पढ्न लेख्न नपाएको गरिब केटो बलबहादुरको त्यस्तो बुद्धि, लगनशीलता र सुन्दर चित्र बनाउने सिप देखेर गुरु असाध्यै प्रभावित भए।

"स्याबास ! बलबहादुर तिमी असाध्यै प्रतिभाशाली रहेछौ । म तिम्रो यो चित्र पनि प्रतियोगितामा राखिदिन्छु।" गुरुको स्याबासी पाएर ऊ पनि खुसी भयो ।

नभन्दै बलबहादुरको चित्र सबैभन्दा राम्रो मानियो । प्रथम पुरस्कार पनि उसैलाई दिने निर्णय भयो । ऊ विद्यालयको विद्यार्थी नभएकाले पुरस्कार दिन मिल्दैन कि भन्ने कुरा उठ्यो ।

"होइन सर ! यति प्रतिभाशाली बालकको यस किसिमको परिश्रमको कदर हामीले नगरे कसले गर्ने ? त्यसैले पुरस्कार उसैलाई दिनुपर्छ ।" कला सिकाउने गुरुले आफ्नो भनाइ राखे ।

उनको भनाइमा प्रधान अध्यापकको पनि चित्त बुझ्यो ।

प्रधानाध्यापकले पुरस्कारको घोषणा गर्दै भन्नुभयो, "यो पुरस्कारबापत बलबहादुरलाई स्कुलमा भर्ना गरेर पढाउने । तिमी भोलिदेखि नै पढ्न आउनु है ? तिम्रा बाआमालाई हामी स्कुलमै काम दिउँला । अनि त काम गर्न नपर्ला नि ! ल हामी सबैको बधाइ !"

बलबहादुर आफू चित्रमा प्रथम भएकामा भन्दा पनि भोलिदेखि अरू विद्यार्थीहरू जस्तै स्कुलमा पढ्न पाउने कुरा सुनेर खुसी भयो । त्यही खुसीमा उसका आँखा रसाए। बसौँदेखिको स्कुल जाने सपना पनि अब विपना हुने भयो । 'भेडाबाख्रा चराउने काम बिहान गरेर आमाबालाई सघाउनु पर्ला !' उसले मनमनै सोच्यो ।

सविनाकी बज्यै

– विजय चालिसे

सुन्तली चार कक्षामा पढ्ने असल विद्यार्थी थिइन् । सहरभन्दा अलि बाहिरको गाउँमा उनको घर थियो । उनको टोलमा आठ दस ओटा घरहरू थिए । त्यस टोलको बिचमा एउटा सानो चउर थियो । सुन्तली र उनका साथी त्यही चउरको बाटो भई मूल सडकमा निस्किएर विद्यालय जान्थे ।

"हरे शिव ! आज पनि हिलामा गाडिएर जुत्ता लगाउनै नहुने भयो !" विद्यालय जान लाग्दा चउरको हिलामा डुबेर दुःख मनाउ गर्दै पुतलीले भनी ।

"तिम्रो त जुत्ता मात्रै ! हेर त मेरो ड्रेस लगाउनै नहुने भयो । सबैलाई यसरी दुःख दिनु त हुँदैन नि !" सँगै विद्यालय जान लागेको पुन्टेले भन्यो ।

त्यो चउरको बाटो आफैँ हिलो हुने खालको थिएन । त्यस टोलको एउटा परिवारले त्यो चउरमाथि घर बनाएर बस्न थालेपछि मात्रै त्यस्तो हिलो र फोहोर हुन थालेको थियो । त्यस परिवारमा बुढाबुढी, दुई छोरा, दुई बुहारी र तिन जना नाति नातिना थिए । चउरमाथिको घर र घरछेउकै गोठको फोहोर पानी उनीहरू त्यही चउर र बाटामा छाडिदिन्थे । विद्यालय जाने साना केटाकेटी मात्र होइन ठुला मानिसलाई पनि त्यो बाटो हिँड्न कष्ट थियो । धेरै जनाले भन्दा पनि उनीहरूको यस्तो असभ्य व्यवहार फेरिएन ।

"ए सविना ! के चाल हो तिम्रो परिवारको ? सबै हिँड्नुपर्ने बाटो यसरी बिगार्दै दुनियाँलाई सताएर के फाइदा होला ?" एक दिन सहनै नसकेर सुन्तलीले स्कुल जाँदा बाटामा भेटिएकी सविनालाई भनी । सविना तिनै बुढाबुढीकी नातिनी थिई । स्कुलमा पढ्ने सविनालाई आफ्ना बाजे बज्यै र आमाको त्यस्तो असभ्य काम

मन पर्दैनथ्यो तर उसले उनीहरूलाई केही भन्न सक्दिनथी ।

"के गर्ने, हेर न ! हामीले भनेर टेर्नु हुन्न । उहाँहरूको स्वभावै त्यस्तै ।" सविनाले दिक्क मानेर भनी ।

"भो...भो... स्कुल जान अबेर भइसक्यो । हिलै भए पनि त जानै पर्‍यो ! पढाइ बिगार्न भएन ।" भुन्टेले भनेपछि सबै स्कुल हिँडे ।

बेलुका स्कुलबाट फर्केपछि पनि उनीहरूको मनमा त्यो परिवारको आनीबानी बारेमा मनमा खेलिरह्यो ।

साँझमा खेल्दाखेल्दै सुन्तलीको मनमा झ्वाट्ट एउटा विचार आयो । उसले साथीहरूलाई भनी, "ए, तिमीहरूले भानुभक्त र गजाधर सोतीकी बुढियाको कथा सुनेका छौ ?"

"अहँ.... रमाइलो छ र त्यो कथा ?" डोल्माले सोधी ।

"भानुभक्त एकपल्ट बास बस्न भनी आफ्नो मित गजाधर सोतीको घरमा पुगेछन् । राती भएकाले अन्त जाने समय थिएन । मित र मित छोरा सहर गएका रहेछन् । बुढीले धेरै अनुरोध गर्दा पनि बास दिइनछन् । बुहारी चाहिँले सुटुक्क ढिकीको कुनामा बस्न भनेपछि भरियाले भारी बिसाएछन् । तर बिचरो भरियाले झुक्किएर ढिकीको पुच्छरमा भारी बिसाएछन् । ढिकीको आवाज आइहाल्यो । बुढियाले थाहा पाएर त्यहाँबाट पनि लखेटिछन् ।

"आहा ! कथा त रमाइलो पो रहेछ । अनि के भयो नि सुन्तली ?" दोर्जेले भन्यो ।

"कति हतार गरेको ....भन्दै त छु नि !" सुन्तलीले भनी, "ल सुन उनीहरूले बल्लतल्ल रुखमुनि रात बिताएछन् । बिहान चउरमा केटाकेटी जम्मा भएर खेल्न थाले छन् । त्यो देखेर भानुभक्तले तुरुन्तै एउटा कविता लेखेछन् ।

भानुभक्तले सबै केटाकेटीलाई त्यो कविता कण्ठ गर्न लाएर गाउँदै खेल्न भनेछन् । गाउनेहरूमध्ये बुढियाका नाति पनि रहेछन् । आफ्ना बारेमा त्यस्तो गीत गाउँदै खेलेको देखेर बुढिया रिसले आगो हुँदै उनीहरूलाई लखेट्न थालिछन् । पछि सबैले बुझाएपछि बल्ल आफूले नकाम गरेको बुझेर खराब स्वभाव छाडिछन् ।

"आहा ! कथा त राम्रो रहेछ हगि दोर्जे !" सीमाले पनि रमाइलो मान्दै भनी ।

"राम्रो मात्रै होइन, अलि बुद्धि लगाएर विचार गर त सुन्तलीले यो कथा अहिले किन सुनाएकी होलिन् !" दोर्जेले बडो बुझक्की पारामा भन्यो ।

"हो मैले यो कथा सुनाएर यस्तै उपायद्वारा त्यो परिवारका बाजे बज्यै र आमा काकीहरूलाई ठिक ठाउँमा ल्याउन सकिन्छ कि भन्न खोजेकी हुँ । त्यसै केही उपाय त नगरी भएन नि !" सुन्तलीले प्रस्ट पारी ।

"उपाय त राम्रै छ ? बरु भानुभक्तले गरेको त्यो उपाय हामी कसरी प्रयोग गर्न सक्छौँ र ?" दोर्जेलाई लागेको भन्यो । "यही सोचौँ त सबैले !" सुन्तलीले भनी ।

नभन्दै उनीहरूले त्यस्तै उपाय पत्ता लगाई छाडे । उनीहरूमध्ये सीमा गीत बनाएर गाउन सिपालु थिई । सबैले उसलाई भानुभक्तको कविता जस्तै गीत बनाउन अनुरोध गरे ।

त्यो जिम्मा पाएपछि नभन्दै उसले पनि एउटा गीत बनाई ।



त्यति गर्दागर्दै साँझ पऱ्यो । भोलि स्कुलबाट फर्केपछि साँझमा त्यही चउरमा जम्मा हुने सल्लाह मिलाए ।

भोलिपल्ट साँझमा उनीहरू त्यहाँ जम्मा भए । गोलो भएर उभिई एक आपसमा हात समातेर उभिए । सीमाले गीत गाई ।

अरू सबैले ठुलो स्वरमा त्यो गीतलाई दोहोऱ्याएर गाए ।

आफ्ना बाजे बज्यैको त्यस्तो बदनामी भएको देखेर सविन र सविना लाजले घरबाहिर निस्कन पनि सकेनन् । बाजे भित्रभित्रै रिसले मुर्मुरिएर बसे । बज्यै भने हातमा लट्ठी लिँदै उल्टो उनीहरूलाई लखेट्न थालिन् । केटाकेटीको गीत सुनेर टोलका सबै हाँस्दै जम्मा भए। टोलका सबै जनालाई देखेर बुढियालाई पनि लाजले जिउँदै मरेसरि भयो । उनलाई लाग्यो मेरै आनीबानी र बेहोराका कारण यत्रो बदनामी कमाउनुपर्‍यो । अब टोलमा कसरी मुख देखाउने ल ! यस्तो सोचेर उनी घरभित्र पसिन्। बुढियाको सानो नाति राजी पनि तोते बोलीमा त्यही गीत रमाइलो मान्दै गाउँदै घरभित्र पस्यो। कसैले केही भन्न सकेनन् ।

भोलिपल्टदेखि बुढिया र त्यस घरमा सबैको बानी बेहोरा सुध्रियो । खराब काम गर्दा बदनामी मात्र कमाइँदो रहेछ भन्ने उनीहरूले बुझे ।

साथीको माया

– विजय चालिसे

हिउँदे छुट्टी भएकाले विपुल र उसका साथीहरूलाई स्कुल जानु पर्दैनथ्यो । एक दिन खेलिरहेको बेला अभिनवले भन्यो, "यहीँ मात्रै खेल्दाखेल्दा वाक्कै लागिसक्यो ! कति यहीँ मात्रै खेल्ने ! वनभोज जाऊँ न एक दिन, कसो साथी हो ।"

"जान त जाने, तर कहाँ जाने ? भन न ? धेरै टाढा आमाले पठाउनुहुन्न होला !" अनुरागलाई पनि अभिनवको कुरा ठिक लाग्यो ।

"टाढा जानुपर्दैन नि । एक घण्टा जति पर जाने हो भने घट्टेखोलाको किनारैमा राम्रो जङ्गल भेटिन्छ । त्यहाँ राम्रो चउर पनि छ !" स्निग्धाको कुरा सबैलाई मन पऱ्यो । स्निग्धाको मामाघर त्यतै पर्ने भएकाले उनले त्यो रमाइलो ठाउँ देखेकी रहिछन् ।

ठाउँका बारेमा टुङ्गो भयो । त्यसपछि उनीहरूले वनभोज कसरी मनाउने भन्ने विषयमा छलफल गरे । खानेकुरा घरघरैबाट बनाएर लैजाने सल्लाह भयो । सबैले आआफ्नो घरबाट एक एक थोक खानेकुरा बनाएर ल्याउने सल्लाह मिलाए । पाँच छ जना साथीलाई पुग्ने खान कति धेरै नै चाहिन्थ्यो र !

यसरी सबैले एक एक थोक ल्याउने भएपछि । भोलिपल्ट बिहान त्यही चउरमा जम्मा हुने भनी उनीहरू छुट्टिए ।

भोलिपल्ट सबै जना त्यहीँ जम्मा भए ।

सल्लाहअनुसार नै सबैले आआफ्ना जिम्माको सामान ल्याएका थिए ।

स्निग्धाले देखाएको ठाउँ असाध्यै रमाइलो रहेछ । ठुलो चउर, चउरकै छेउबाट बगेको ठुलो खोला । चउरको तिनैतिर रमाइलो जङ्गल । रङ्गी विरङ्गी फुल र तिनको बास्नाले मनै लोभ्याउने रमाइलो ।

सबै जना मिलेर विभिन्न खेल खेले । खानपिन गरे । त्यसपछि फेरि रमाइला खेल र नाचगान गर्दै समय बिताए ।

"बचाओ !" त्यत्तिकैमा कसैको आत्तिएको आवाज सुनेर सबै जना

तर्सिए । एक धुनमा खेलिरहेको बेला त्यस्तो आवाज सुन्दा उनीहरू तर्सिनु स्वाभाविक थियो । सबैको ध्यान र आँखा त्यही आवाज आएतिर तानियो । उनीहरूले देखे, विपुल एक्कासी चिप्लिई खोलामा खसेर चिच्याएको रहेछ । ऊ पौडिन पनि जान्दैनथ्यो । त्यसरी आफ्नो साथी खोलामा खसेको देखेर सबै आत्तिए लौन अब के गर्ने !

"लौन ....लौन ... ! खोला गहिरो छ, त्यहाँ पुग्यो भने बच्ने सम्भावना नै हुँदैन" अभिनवले भन्यो ।

सबै जना चिच्याउँदै र आत्तिँदै के के भन्दै थिए । खोलामा हेलिएर बचाउने आँट भने कसैले गर्न सकेको थिएन । ठुला मानिस कोही थिएन र सबै केटाकेटीहरू भएकाले पनि उनीहरूमा त्यस्तो आँट आउन सकेन ।

उनीहरू आत्तिएर कराउँदै थिए । त्यतिकैमा अनुराग कपडा फुकालेर खोलामा हेलिएको देखियो । ऊ पनि पौडी खेल्न राम्ररी जान्दैनथ्यो ।

"अनुराग के गरेको तिमीले । राम्ररी पौडन नजान्ने मानिस कि त्यसरी खोलामा हेलिएको ?" स्निग्धा चिच्याइन् ।

अनुरागले सुनेर पनि त्यता ध्यान दिएन । उसले मनमनै भन्यो, "म त अलि अलि भए पनि पौड्न जान्दछु । बिचरो विपुल त त्यति पनि जान्दैन । उसलाई बचाउनु पनि पर्‍यो नि !"

ऊ कतै ध्यान नदिई होसियार भएर विपुल बगेतिर पौडिँदै गयो । उसलाई पनि ठाडो खोलाको तेज धारले कहिले किनारतिरै मिल्काउन खोज्दथ्यो । कहिले तलतिर बगाउन खोज्दथ्यो । तर ऊ धैर्य र आँट नगुमाएर पौड्दै विपुलतिर जाँदै थियो। संयोगले विपुल एउटा लहरामा अड्किएर बग्न छाडेको देखियो ।

"विपुल, लहरा समाऊ ! त्यहीँ अड्क है, म आउँदै छु ..।" अनुरागले ठुलो स्वरमा चिच्याएर भन्यो । कुनै बेला पानीको ठुलो लहरको झोक्काले विपुललाई फेरि बगाउन लागे जस्तो देखिन्थ्यो । बगाइहाल्न भने सकेको थिएन ।

अनुराग सोच्दै थियो, 'चाँडोभन्दा चाँडो विपुलसम्म पुग्न नसके ऊ कुनै बेला पनि खस्न सक्थ्यो । त्यसो भयो भने विपुललाई जिउँदै फेला पार्न सम्भव थिएन ।'

धेरै सङ्घर्षपछि अनुराग बल्ल बल्ल विपुलको छेउमा पुग्यो । विपुलको कपालमा समातेर तान्दै किनारासम्म पुऱ्यायो । पानीको छालले हुत्याएर त्यहाँसम्म पुऱ्याउन पनि असाध्यै कठिन

भयो । त्यसमाथि एक हातले विपुललाई तानेर एक हातले मात्र पौडनु अति नै कठिन थियो । तर पनि हरेस नखाईकन अनुरागले उसलाई किनारा नजिकै पुऱ्यायो ।

किनारा नजिकै आइपुगेपछि सबै साथीहरूले हात दिएर दुवैलाई माथि ताने । विपुलले पानी खाएकाले होसमा रहेनछ । विपुललाई घोप्टो पारेर पेटमा थिची साथीहरूले पानी छदाए । त्यति गरेपछि उसले बिस्तारै होसमा आएर 'ऐया !' भन्यो । सबै जना खुसीले उज्याला देखिए ।

आफ्नो ज्यानको समेत माया नगरी साथीको ज्यान बचाउन अनुरागले गरेको साहस देखेर सबैले एकै स्वरमा भने, "स्याबास अनुराग ! तिम्रो साहसले विपुल बाँच्यो ।"

बाँदरको घर

– रञ्जुश्री पराजुली



सधैँ झैँ आज पनि रमाले हजुरआमालाई भनी, "हजुरआमा, हजुरआमा, आज कुन कथा सुनाउनुहुन्छ ?" "आज चाँडै सुत्ने, मलाई थकाइ लागेको छ। भोलि बाँदरको घर भन्ने कथा सुनाउँला है ?" हजुरआमाले सहज उत्तर दिनुभयो। रमाले "नाइँ नाइँ आजै भन्नुस्" भनी कर गर्न थाली। केही नलागेपछि हजुरआमाले बाँदरको कथा सुरु गर्नुभयो।

असार महिनाको बेला थियो। दुई तिन दिनदेखि झरी पर्दै थियो। बिहान अलि उघ्रिएको जस्तो देखिन्थ्यो तर फेरि कालोनिलो भएर पानी दर्किन थाल्यो। पशुपतिनाथको मन्दिर वरिपरि र वनकालीमा बस्ने बाँदरहरूलाई यो झरीले आपत् पारेको थियो। श्रद्धालुहरूले उनीहरूलाई खानका लागि छरेको मकै, धान, गहुँ पानीमा ढाडिएको देख्दादेख्दै पनि उनीहरूले हेरेर बस्नुपरेको थियो। पानी केही कम हुने बित्तिकै उनीहरू रुखबाट ओर्लेर हतारसँग दाना टिपेर फेरि ओत लाग्न पुगी हाल्थे। ती बाँदरहरू कुनैको पनि आफ्नो घर थिएन। हुरी, बतास र दर्के झरी परेको बेला तिनीहरूलाई आफ्नो गुँड आवश्यक हुन्थ्यो, त्यसैले अर्को पटक झरी पर्नुभन्दा अगाडि नै आफ्नो घर बनाएर आरामसँग बस्नुपर्छ भन्ने कुरा तिनीहरू सल्लाह कुरा गर्दथे। तर यताउति घुमघाम, गफगाफ र रमाइलो गर्दागर्दै फेरि अर्को वर्षायाम सुरु भइहाल्थ्यो। त्यसपछि फेरि उनीहरू अर्को वर्षायाम

आउनुभन्दा अगाडि त पक्का पनि घर बनाउनुपर्छ भन्ने गफ गर्दथे । त्यस्तैमा उनीहरूका एकपछि अर्को वर्ष बित्दै जान्थ्यो ।

यत्तिकैमा एउटी बादर्नी आफ्नो सानो बच्चालाई पिठिउँमा बोकेर मन्दिरको छानामुनि ओत लागेर बसेकी थिई । उसलाई असाध्यै भोक लागेको थियो । त्यसै बेला उसको बुईको बच्चाले "आमा भोक लाग्यो" भनेर करायो ।

"पख बाबु, एकै छिन पख, पानी थामिन लागेको छ । उतापट्टिको मन्दिरमा मैले केरा चढाएको देखेकी छु । बाबुलाई त्यो खान दिउँला" आमाले भोकाएको छोरालाई सम्झाई ।

बाहिर झरी परि नै रहेको थियो । हिजोको झरीमा भिजेर चर्न जाँदा अब बच्चालाई ज्वरो आएकाले फेरि भिज्ने आँट उसले गरिन । पिठिउँको बच्चाले फेरि "भोक लाग्यो आमा !" भनेर करायो ।

"एकै छिनमा पानी थामिन्छ अनि खानेकुरा खोज्न जाउँला है बाबु !" भनेर उसले छोरालाई फेरि फुल्याई । आफ्नो घर नभएकामा उसलाई दिक्क पनि लाग्यो । "अहिले आफ्नो घर भएको भए आनन्दसँग बस्न पाइन्थ्यो । बाँदर जातिले किन आफ्नो घर नबनाउने होला" भनेर उसले सोची पनि । "अरूले बनाए पनि नबनाए पनि म आफ्नो घर अवश्य बनाउँछु" अब उसले विचार गरी । त्यसै बेला उसले एउटा ठुलो खरीको बोटमा कागको गुँड देखी । त्यो गुँडमा काग आफ्नो बच्चासँग आनन्दसँग बसेको थियो । फेरि आफू ओत लागेको मन्दिरको



भित्तामा भएको खटप्वालमा भँगेरो बच्चासँग आरामले बसेको पनि उसले देखी । त्यो देख्दा आफ्नो घर नभएकामा उसलाई झनै दिक्क लाग्यो । त्यसै बेला खटप्वालबाट भँगेरीले "बाँदर्नी दिदी, कस्तो झरी परेको हगि ?" भनेर सोधी ।

बाँदर्नीलाई भँगेरीले आनन्दसँग आफ्नो बच्चा लिएर बसेको देख्दा डाह लाग्यो । उसले रिसाउँदै भनी, "झरी परेर के भयो त ? तिमी त आनन्दसँग बच्चा

काखमा लिएर आफ्नो गुँडमा बस्न पाएकी छौ । हामीलाई पो यस्तो दुःख भएको छ । सानो बच्चालाई बुईमा बोकेर कहिले झरी थामिएला र बाहिर जाउँला भनेर पर्खेकी ।"

बाँदर्नी र भँगेरीले कुरा गरेको खरीको बोटको आफ्नो गुँडमा बसेको कागले पनि सुन्यो । उसलाई पनि उनीहरूसँग कुरा गर्न मन लाग्यो र भन्यो, "वर्षायाममा त झरी परिहाल्छ नि ! बेलामा घाम पानी भएन भने त बोट बिरुवा, जीवजन्तुलाई राम्रो हुँदैन । त्यसैले बेलामा झरी, वर्षा हुनुपर्छ । तर तपाईंको चाहिँ आफ्नो घर नभएकाले ओत लागेर बस्नुपर्‍यो हगि ?"

"अर्को झरीसम्म त म पनि बाँदर जातिसँग कुरा गरेर हाम्रो पनि घर बनाउने प्रस्ताव राख्छु", आफ्नो घर नभएकामा दुःख मान्दै बाँदर्नीले भनी । झरी उघ्रेपछि एउटा ठुलो बैठक बोलाएर रैथाने ढेडुसँग यो विषयमा कुरा गर्नुपर्ला भनेर उसले विचार गरी ।

एकैछिनमा आकाश उज्यालो भयो । पानी पर्न थामियो । मन्दिरको छानामुनि ओत लागेर बसेकी बाँदर्नी बच्चा बोकेर बाहिर आएर आफूले देखेको केरा टिपेर बच्चालाई दिई । अरू बाँदरहरू पनि परिवारसहित ओतट लागेको ठाउँबाट बाहिर निस्केर कोही दाना खोज्न थाले । कोही पानी पिउन थाले । कोही मान्छेहरूको हातमा रहेको कुरा झम्टिने दाउ हेर्न थाले । पक्षीहरू पनि आआफ्ना गुँडबाट निस्केर हावामा उड्न थाले । एकैछिन अगाडिको दिक्क लाग्दो

वातावरण रमाइलोमा परिणत भयो । चराहरू मन्दिर वरिपरिको जौ, तिल, अक्षता टिप्न व्यस्त भए ।

पानी परेर बस्ने ठाउँ नपाएको बेला 'अब पक्का पनि आफ्नो घर बनाएर बस्नु पर्ला' भनेर सोच्ने बाँदर्नीले त्यो सबै कुरा बिर्सी । ऊ रमाउँदै एउटा रुखको हाँगाबाट अर्को रुखमा उफ्रन थाली । उसले आफ्नो सानो बच्चालाई पनि उफ्रने कला सिकाउँदै थिई । रुखैपिच्छे उफ्रदैं जाँदा चराको गुँड भएको रुखमा पनि ऊ पुगी । त्यहाँ भएको कागको गुँडलाई उसले वास्तै गरिन । उसले जोडले रुखको हाँगो समाउँदा त्यहाँ भएका साना कागका बच्चा चि:चि: गरेर कराउन थाले । परबाट एउटा ठुलो चिलले ती बच्चा चुच्चामा च्यापेर भाग्ने दाउ हेर्दै थियो । तर माउ कागले हत्तनपत्त आफ्नो बच्चालाई चुच्चोमा च्यापरे अन्त कतै सुरक्षित ठाउँमा लगेर राखी । बाँदर्नीले आफ्नो घर बनाउने कुरा सबै बिर्सी । कागको गुँड पनि भत्कियो ।

यति भनिसकेपछि रमाकी हजुरआमाले भनिन्, "लौ कथा सिद्धियो । अब सुत्न जाऊ ।"

रमाले भनी, "बाँदरले आफ्नो घर पनि बनाउँदैन । अरूको पनि बिगार्छ भनेको यही होला होइन हजुरआमा ?"

हजुरआमाले भनिन्, "हो, तर हामी मानिस जातिले यस्तो गर्नुहुँदैन । सके आफ्नो घर बनाउनुपर्छ । नसके पनि अरूको भत्काउनुहुँदैन । हामीहरू सकेसम्म असल र ज्ञानी बन्नुपर्छ । सँधै अरूको भलो चिताउनुपर्छ । जसले अरूको भलो गर्छ । ईश्वरले पनि उसैको भलो गर्छन्, बुझ्यौ ?"

'स्याबास ! मेरी नातिनी ! लौ अब सुत्न जाऊँ ।" त्यसपछि हजुरआमा पनि हाई गर्दै रमालाई लिएर सुत्न गइन् ।